आज मिति २०७४/२/२८ गते आइतबारका दिन बिहान ठिक १०:०० बजे यस शुक्लागण्डकी नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री किसान गुरुङ्ग ज्यूको अध्यक्षतामा बसी तपशिल बमोजिमका प्रस्तावहरु माथि तपशिल बमोजिमका निर्णयहरु गरियो।

उपस्थिति :

| | |
|---|---|
| श्री किसान गुरुङ्ग | नगर प्रमुख |
| श्री सविता रसाईली | नगर उपप्रमुख |
| श्री रवि चन्द्र पौडेल | सदस्य |
| श्री जगत बहादुर गुरुङ्ग | सदस्य |
| श्री राम कुमार श्रेष्ठ | सदस्य |
| श्री शिव कुमार श्रेष्ठ | सदस्य |
| श्री दिर्घ बहादुर थापा | सदस्य |
| श्री कृष्ण बहादुर पौडेल | सदस्य |
| श्री राम बहादुर क्षेत्री थापा | सदस्य |
| श्री कृष्ण ~~बहादुर~~ प्रसाद रेग्मी | सदस्य |
| श्री लोक नारायण श्रेष्ठ | सदस्य |
| श्री रामचन्द्र भण्डारी | सदस्य |
| श्री दल बहादुर थापा | सदस्य |
| श्री मनराज गुरुङ्ग | सदस्य |
| श्री दानु अधिकारी सापकोटा | सदस्य |
| श्री गिता महत | सदस्य |
| श्री विष्णुमाया ढमाल लम्साल | सदस्य |
| श्री रिता कुमारी भुजेल थापा | सदस्य |
| श्री सानुमाया थापा | सदस्य |
| श्री कुल वहादुर भुजेल | सदस्य |
| श्री खिम बहादुर कुमाल | सदस्य |
| श्री भरत लामगादे | सदस्य |

**निर्णय नं. १** शुक्लागण्डकी नगरपालिका भित्रका जग्गा व्यवस्थापन सम्बन्धमा शहरी विकास तथा बस्ति विकास मापदण्ड पुगेका प्लटिङलाई नगरपालिकाले अनुमति दिने र मापदण्ड विपरित भएका प्लटिङको नियमन गरि मापदण्डमा ल्याउने निर्णय गरियो ।

**निर्णय नं. २** प्राकृतिक स्रोत साधन (ढुङगा,गिटि र वालुवा) को प्रयोग एवम व्यवस्थापन गर्ने सर्न्दभमा तपशिल बमोजिमका घाटहरुलाई संचालन गर्न अनुमति दिने गरि प्रस्ताव गर्ने निर्णय गरियो ।

**तपशिल:**

क) पुडीखोला दोभान /दायाँ किनारा (शर्तहरु तोक्नेगरि)

ख) तालवेशी घाट /दायाँ किनारा (शर्तहरु तोक्नेगरि)

ग) किमलडाडा घाट /दाया किनारा (शर्तहरु तोक्नेगरि,७०० मि.)

घ) साखर १ नं. घाट /वाया किनारा

ङ) हलेदी घाट /वाया किनारा

**निर्णय नं. ३** शुक्लागण्डकी नगरपालिका क्षेत्रभित्रका सार्वजनिक जग्गा संरक्षण गर्ने सर्न्दभमा व्याक्तिगत जग्गा उत्खनन गरि संग्रह भएका प्राकृतिक स्रोत साधन (ढुङगा,गिटी र वालुवा) नगरपालिकाले शिल्ड गरि नगरपालिकाका भौतिक पुर्वाधार बनाउने कार्यमा प्रयोगमा ल्याउने निर्णय गरियो ।

**निर्णय नं. ४** शुक्लागण्डकी नगरपालिका क्षेत्रभित्रका सार्वजनिक जग्गा संरक्षण गर्ने सर्न्दभमा वडाध्यक्षको नेतृत्वमा वडामा आवद्ध राजनैतिक दलका प्रतिनिधिहरु,सामाजिक संघ संस्थाहरुको सहयोगमा सार्वजनिक जग्गाहरुको विवरण पहिचान गरि लगत राख्ने र सो को विवरण सहितको प्रतिवेदन मिति २०७४ असार मसान्त सम्ममा नगरकार्यपालिकामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५** शुक्लागण्डकी नगरपालिकाबाट वडा कार्यालयहरुसम्म पुग्ने सडकलाई १२ महिना चल्ने बनाउन तपशिल वमोजिमका सडकहरुलाई स्तरोन्नती ,मर्मत र संभार गर्ने र वडा कार्यालय स्थापना गर्न बाकी रहेका वडा कार्यालयहरुमा वडा कार्यालय तोकिसकेपछी मात्र वडा कार्यालय सम्म पुग्ने बाटो मर्मत संभार एवम निर्माण गर्ने निर्णय गरियो ।

**तपशिल :**

क) दुलेगौडा हर्कपुर मोटरमार्ग

ख) लालध्वज मोटरमार्ग

ग) दुलेगौडा लामागाउँ बाडखोला मोटरमार्ग

**निर्णय नं. ६** शुक्लागण्डकी नगरपालिकालाई वातावरणमैत्री नगरपालिका बनाउन अनिवार्य रुपमा एक घर दुई विरुवा रोप्ने कार्य अघि बढाउने निर्णय गरियो ।

निर्णय नं. ७ शुक्लागण्डकी नगरपालिकाका सवै वडा कार्यालयहरुवाट अनलाईन घटना दर्ता गर्न आवश्यक तालिम र सामाग्री व्यवस्थापन गरि मिति २०७४ असार १ गतेदेखि शुरु गर्ने निर्णय गरियो ।

निर्णय नं. ८ नगरपालिका कार्यालयसग सम्बन्धित सार्वजनिक सेवा प्रवाहलाई सुचना मैत्री बनाउन मोबाइल एप्स बनाउने निर्णय गरियो ।

निर्णय नं. ९ आर्थिक वर्ष ०७४।७५ को निति,योजना,बजेट तथा कार्यक्रम सहितको विशेष परिषद मिति २०७४ असार मसान्त भित्र सम्पन्न गर्ने गरि तयारी गर्ने निर्णय गरियो ।

निर्णय नं. १० शुक्लागण्डकी नगरपालिका ७ सुन्दरटोलवाट पेश भएको सरसफाई कार्यक्रमको सम्झौता गर्नुपर्ने समायावधि सकिएकोले मिति २०७४ जेष्ठ मसान्तसम्ममा सम्झौता गरिसक्नेगरि कार्य अघि बढाउन दिने निर्णय गरियो ।

निर्णय नं. ११ यस शुक्लागण्डकी नगरपालिका नगर कार्यपालिकाको कार्यलयमा पेश गरिएका निवेदनको सम्वन्धमा तपशिल अनुसारका निवेदनहरुमा तपशिल बमोजिमको निर्णय गरियो ।

| क्र.स | निवेदनको विषय | विनियोजन गरिएको रकम | कैफियत |
|---|---|---|---|
| १. | देवी खडकाको निवेदनमा | रु १५००० मात्र दिने निर्णय | |
| २. | जि.पि स्वासप्रस्वास स्वास्थ्य उपचार केन्द्रको निवेदन प्राविधिकले स्थलगत निरिक्षण गरेर मात्र निर्णय गर्ने | | |
| ३. | राम बहादुर वि.क को निवेदनमा रु ५००० हजार रकम मात्र दिने निर्णय | | |
| ४. | खैरेनी हेल्थपोष्ट दुलेगौडाको बर्थिङ सेन्टरका लागि रु ५०००० हजार मात्र रकम उपलब्ध गराउने निर्णय | | |
| ५. | कालिका प्रा वि को मागका सम्बन्धमा प्राविधिक ईस्टीमेट अनुसारको सहयोग प्रदान गर्ने निर्णय | | |
| ६. | वडा नं. ११ को अर्चलथुम प्रा.वि लाइ पनि प्राविधिकको ईष्टिमेट अनुसार जस्ता उपलब्ध गराउने निर्णय गरियो | | |

निर्णय नं. १२ भुकम्पबाट क्षति भएकाहरुका लागि पुननिर्माण प्राधिकरणबाट प्राप्त विवरणका आधारमा सम्झौता अघि बढाउने निर्णय गरियो ।

निर्णय नं. १३ भुकम्प पिडितले बनाउने नया घरको लागि नक्सा पास शुल्क मिनाह गर्ने निर्णय गरियो ।

निर्णय नं. १४ शुक्लागण्डकी नगरपालिकाबाट संचालित योजनाहरु कार्यान्वयन गर्ने सन्दर्भमा नगरस्थित सामाजिक संघ संस्था टोल विकास संस्थाहरु सग समेत आवश्यक समन्वय गरियो ।

निर्णय नं. १५ अव्यवस्थित वसोवासीहरुको घरधुरीलाई सवै वडाहरुवाट विजुली र पानिको सिफारिस दिने निर्णय गरियो ।

निर्णय नं. १६ मापदण्ड विपरित संचालित क्रसर उधोगहरुले स्थानियवासीहरुलाई ध्वनि तथा वातावरण प्रदुषण गराएको भनि गुनासो पेश भएकोले व्यवस्थापनका लागि सम्वन्धित पक्ष सग छलफल गर्ने निर्णय गरियो ।

निर्णय नं. १७ दुलेगौडा ढोरफिर्दी जोड्ने सेतिपुलमा लगाउदै गरेको पटके कर बन्द गर्ने निर्णय गरियो ।

निर्णय नं. १८ दुलेगौडा गाछेपानि हुदै ढोरफिर्दी जोड्ने सेतिपुल जिर्ण हुँदै गएकोले मर्मत संभारका लागि जिल्ला समन्वय समिति सग अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. १९ शुक्लागण्डकी नगरपालिका मा खडा गरिएको दैवि प्रकोप उद्धार कोषमा जाने गरि नगर प्रमुख किसान गुरुङ ज्यु ले नेपाल सरकारबाट प्राप्त गर्ने सेवा सुविधाको ५० प्रतिशत सुविधा नगरप्रमुखको पदमा रहुन्जेल दैविक प्रकोप उद्धार कोषमा जम्मा गर्ने निर्णय गरेकोले यस उदार निर्णयप्रति सम्पुर्ण कार्यपालिकाका सदस्यहरु र नगरपालिका परिवारको तर्फबाट हार्दिक धन्यवाद व्यक्त गर्ने निर्णय गरियो ।

प्रमाणित गर्ने:

२०७४/०२/२३

कार्यकारी अधिकृत